मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ११९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ४ गते बुधबार (Wednesday, 18 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## क्यासिनोबाट १४ जना नेपाली पक्राउ

**काठमाडौं, चैत ३।** जुवा खेल्ने र खेलाउने गरेको आरोपमा प्रहरीले काठमाडौंका क्यासिनोबाट १४ जना नेपालीलाई पक्राउ गरेको छ।

दुई वटा क्यासिनोबाट १४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईले जानकारी दिए। बुढानिलकण्ठ नगरपालिका-१, तौलुङस्थित लेमन ट्री होटलभित्र रहेको गरुड क्यासिनोबाट १३ जना र काठमाडौं महानगरपालिका-१४, सोल्टीमोडस्थित

(बाँकी अन्तिम पृष्ठमा)

# प्रहरी 'हिरासत'मा बालिका

## प्रहरीले घरमै कुटपिट गरेको दाबी

**झापा, चैत ३।** झापाको बिर्तामोडमा प्रहरीले १३ वर्षीया बालिकालाई गैरकानूनी रूपमा हिरासतमा राखेको र घरमै पुगेर कुटपिट गरेको घटना सार्वजनिक भएको छ। घटनाले मानवअधिकार उल्लंघनको गम्भीर प्रश्न उठाएको छ।

बिर्तामोड नगरपालिका-४ मियावारीकी १३ वर्षीया बालिका आसिदा खातुनलाई इलाका प्रहरी कार्यालय अनारमनीले फागुन २९ गतेदेखि नियन्त्रणमा राखेको परिवारको दावी छ। प्रहरी टोली मध्यराति घरमै पुगेर आमा मसिना खातुनसहित बालिकालाई पक्राउ गरेको थियो।

बालिकाकी फुपू सञ्जेरी खातुनका अनुसार २९ गते मध्यराति १२ बजे प्रहरी टोली घरमा पुगेको थियो। घर खानतलासी गर्ने नाममा प्रहरी आयो, आमा-छोरीलाई हत्कडी लगाएर लग्यो- उनले भनिन्- हामीलाई अहिलेसम्म भेट्न समेत दिएको छैन। उनका अनुसार प्रहरीको व्यवहार 'गुण्डागर्दी शैली' को थियो।

घरभित्र प्रवेश गर्न नदिइएको, महिलामाथि पुरुष प्रहरीले नै कुटपिट गरेको र ६५ वर्षीया वृद्ध हजुरआमा जहरुन खातुनसमेत घाइते भएको उनको दाबी छ। मेरो घर अलि टाढा थियो- उनले भनिन् - भाइको घर प्रहरीले खान तलासी गरेको खवर पाएपछि म आएँ तर मलाई घरभित्र पस्न दिइएन।



पीडित बालिकाकी हजुरआमा जहरुन खातुनसहित पूर्वाञ्चल दैनिकको कार्यालयमा गुनासो राख्दै।

उनीहरुले इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव निरीक्षक नवराज थापा नेतृत्वको टोलीले घरमा तोडफोड गर्दै नगद तथा गरगहना समेत लगेको गम्भीर आरोप लगाएका छन्। घर वरिपरि सुन र लागूऔषध लुकाएको आशंकामा खनेको, खाने अन्न छरेको, दराज फुटाएको र शौचालय समेत खनेको उनीहरूको भनाइ छ।

'घरमा भएको नगद, गरगहना सबै लग्यो, कति लग्यो थाहा छैन- सञ्जेरी खातुनले भनिन्- 'हातमा हत्कडी देखाएर धम्क्याएपछि भाइ (आसिक आलम) फरार भए।' परिवारका अनुसार उक्त रकम घर निर्माण र जग्गा खरिदका लागि राखिएको थियो। उनीहरूले दैनिक मजदुरी गरेर जम्मा गरेको पैसा र घर बनाउन लिएको ऋणसमेत प्रहरीले लुटेरा शैलीमा लगेको उनको आरोप छ। घटनामा घाइते भएकी बालिकाकी मावलकी हजुरआमा जहरुन खातुनले प्रहरीले गरेको कुटपिटको पीडा सुनाउँदै भनिन्- नातिनीलाई हत्कडी नलगाऊ, मलाई लगाऊ भनेर भनेँ, तर प्रहरीले उल्टै गालामा थप्पड हानेर घाइते बनायो। अहिले पनि गाला सुन्निएको छ।

आसिदा खातुन बिर्तामोड-३स्थित मदरसा तालिम कुरानमा कक्षा ४मा अध्ययनरत् छिन्। परीक्षा नजिकिँदै गर्दा उनी प्रहरी नियन्त्रणमा परेपछि पढाइ प्रभावित भएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्। छिमेकीहरू भन्छन्- 'आमा-बुबाले गल्ती गरे भने कारबाही होस्, तर नाबालिकालाई यसरी हिरासतमा राख्नु गलत हो। ज्यानमाराको मुद्दामा रहेका अभियुक्तलाई समेत भेट्न पाउने व्यवस्था हुँदा पनि निर्दोष बालिकालाई आफूहरूले भेट्न नपाएको उनीहरुको गुनासो छ।

घटनाबारे जिल्ला प्रहरी कार्यालय झापाकी प्रहरी उपरीक्षक वशुन्धरा खड्काले बालिकालाई हिरासतमा नराखिएको दावी गरेकी छन्। उनका अनुसार 'परिवारमाथि अनुसन्धान भइरहेकाले बालिकालाई संरक्षणमा राखिएको' हो।

प्रहरीले दिएको विवरण अनुसार गोप्य सूचनाका आधारमा घरमा छापा मार्दा ठूलो परिमाणमा नगद, भारतीय रुपैयाँ, सुन-चाँदीका गरगहना र मोटरसाइकल

(बाँकी अन्तिम पृष्ठमा)

## सरकारी ऋण २८ खर्ब ७८ अर्ब

**काठमाडौँ, चैत ३।** चालूआर्थिक वर्ष २०८२/०८३को शुरुमा कूल सार्वजनिक ऋण रु. २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा फागुन मसान्तसम्ममा रु. २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ।

पछिल्लो आठ महिनामा मात्र रु. दुई खर्ब चार अर्ब २४ करोड सरकारी ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार यो अवधिसम्ममा सरकारले रु. १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र रु. १५ खर्ब ३० अर्ब १८ करोड बाह्य ऋण तिर्न बाँकी रहेको छ। कूल सार्वजनिक ऋणमा फागुन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा

(बाँकी अन्तिम पृष्ठमा)

तु-आवश्यकता

बिर्तामोड-५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला।

१) खसी काट्न मासु बनाउन जान्ने पुरुषः १ जना

२) चिकन बनाउन जान्ने महिला/पुरुष-१ जना

**खान, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित**

नोटः खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००।- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००।-को व्यवस्था छ।

मो. ९८०३४०१९७०

# ग्यासको अवैध कारोबार !

**काठमाडौं, चैत ३।** अन्तरराष्ट्रिय बजारमा देखिएको अभावलाई कारण बनाएर खाना पकाउने एलपी ग्यासको अवैध कारोबार भइरहेको गुनासो बढेको छ।

त्यस्तो विषयमा कुनै सूचना वा जानकारी भए तत्काल ११३७ मा निःशुल्क फोन गरेर जानकारी दिन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुरोध गरेको छ।

पछिल्ला दिनमा खाना पकाउने ग्यासमा कालोबजारी बढेको, अत्यधिक मात्रामा लुकाइएको, बढी मूल्य लिएर बिक्रीवितरण गरेको पाइएपछि विभागले आम उपभोक्तालाई निःशुल्क रूपमा उक्त टेलिफोन नम्बरमा फोन गरी सूचना दिन आग्रह गरेको हो। नेपाल आयल निगमले आधा सिलिण्डर मात्रै ग्यास बिक्री गर्नेगरी आवश्यक व्यवस्था मिलाए पनि बजारमा ग्यासको अभाव कायम छ। विभागले अनुचित व्यापारिक क्रियाकलाप सञ्चालन भएको पाइएमा कडा कारबाही गर्ने चेतावनी दिएको छ।

विभागले सञ्चालनमा रहनेगरी निःशुल्क रूपमा टेलिफोन नम्बर सञ्चालनमा ल्याइएको र देशभरका जुनसुकै स्थानबाट सम्पर्क गर्न सकिने जनाएको छ। पछिल्ला दिनमा विभागले देशभर स्थलगत अनुमगन तथा निरीक्षण गर्दै आएको छ। अनुमगनका क्रममा कैफियत फेला पर्ने बित्तिकै उपभोक्ता संरक्षण ऐन-२०७५ बमोजिम कारबाही गरिएको विभागले प्रष्ट पारेको छ।

ग्यासको माग उच्च रहेको विषम अवस्थामा आपूर्ति प्रणालीमा सहजता ल्याउन, कृत्रिम अभावलगायत गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्न

(बाँकी अन्तिम पृष्ठमा)

Advance Pathology Lab


विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा सास फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५५११७४, ९८२०४५११७४

## चैते धानको समर्थन मूल्य तोकिँदै

**काठमाडौँ, चैत ३।** कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विभागले चैते धानको समर्थन मूल्य तोक्न अध्ययन थालेको छ। विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययन थालेको हो।

अध्ययनका क्रममा धानको उत्पादनमा लाग्ने खर्च तथा बीऊ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम् समर्थन मूल्य निर्धारण गरिने विभागले जनाएको छ। विभागको टोलीले स्थलगत अध्ययन गरेपछि निर्धारण गरिने वैज्ञानिक मूल्य कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा सिफारिस गरेर पठाइने विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए।

स्थलगत अध्ययन प्रक्रियाले किसानद्वारा उत्पादित धानको सही मूल्य सुनिश्चित गर्न सहयोग गर्ने उनले विश्वास व्यक्त गरे। मन्त्रालयले उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर प्रतिक्विन्टल मूल्य प्रस्ताव गर्ने विभागका महानिर्देशक सञ्जेलले बताए। उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस हुन्छ। त्यसपछि मन्त्रिपरिषद्बाट निर्णय भएपछि सार्वजनिक गरिनेछ। सोही आधारमा धानको चिस्यान मापदण्डसमेत मूल्याङ्कन गरिनेछ- विभागका महानिर्देशक प्रकाश सञ्जेलले भने।

धानको १८ प्रतिशतसम्म चिस्यान

(बाँकी अन्तिम पृष्ठमा)

"Shine with Life, Learn with Love, Grow with God"

हार्दिक बधाई तथा शुभकामना



यस चिल्ड्रेन इन्भारोमेन्ट स्कुल, बिर्तामोड-१मा, वीरता जेसीज र सि.इ.एस. पोयट्री क्लबद्वारा आयोजित दुई दिने **सि.इ.एस कबिता उत्सव-२०८२**मा सहभागी भइ कवि नवराज पराजुलीसँग प्रशिक्षित हुँदै सर्वोत्कृष्ट **सि.इ.एस. कवि प्रतिमा** उपाधिद्वारा बिभुषित हुनु हुने विद्यार्थीहरु काब्या श्रेष्ठ (कक्षा-४), लोरिन लावती (कक्षा-४), रक्षा शिवा (कक्षा-५), रिदम गिरी (कक्षा-५), जोस्ना कार्की (कक्षा-९), इशा गुरुङ (कक्षा-७), प्रतीक्षा बराइली (कक्षा-९), हिमानी तिवारी (कक्षा-१०) र प्रयुश आले मगर (कक्षा-८) लाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

सि.इ.एस. पोयट्री क्लब तथा
चिल्ड्रेन इन्भारोमेन्ट स्कुल
बिर्तामोड-१, झापा

VACANCY ANNOUNCEMENT

Everest Smart Education Academy, Birtamod–6, Buttabari, Jhapa, Nepal a reputed private secondary school located in Birtamod–6, Buttabari, Jhapa, Nepal, invites applications from qualified, dynamic, and result-oriented candidates for the following positions:

| S.N | Position | Level | No. Required | Responsibilities |
|---|---|---|---|---|
| 1 | Hostel Warden (Male) | Hostel Administration | 1 | Ensuring the safety, discipline, and well-being of students in the hostel. The role includes supervising daily routines, monitoring study hours, maintaining hygiene and order, and coordinating with the school administration to create a safe and supportive residential environment. |
| 2 | Hostel Warden (Female) | Hostel Administration | 1 | |
| 3 | English Teacher | Primary Level | 1 | Delivering engaging and effective instruction while maintaining a positive and inclusive smart classroom environment. The role includes planning inquiry-based lessons, assessing student learning, encouraging critical thinking, and preparing worksheets and learning materials to support the learning process. |
| 4 | Computer Teacher | Primary Level | 1 | |
| 5 | MathematicsTeacher | Primary Level | 1 | |
| 6 | Science Teacher | Primary Level | 1 | |
| 7 | Computer Teacher | Secondary Level | 1 | |

Required Documents
1. Handwritten Application Letter
2. Updated CV/Resume
3. Copies of Academic & Professional Credentials
4. Two recent PP-size Photographs or attached PP size Photograps
5. Government Issued identity : copy of Citizenship card/National identity card/PAN Card/Liscence

Minimum Requirements
- Relevant academic qualification in the respective field
- Prior experience in teaching or related work will be preferred
- Strong communication skills, classroom management ability, and professional commitment
- For Hostel Wardens: responsible, disciplined, and capable of managing hostel students effectively

Application Submission
Applications can be submitted directly at the school office or sent via
Email: everestsmartedu.32@gmail.com
principal.esea@gmail.com
Deadline for Application: 15th Chaitra, 2082
Only shortlisted candidates will be contacted for further selection procedures.

EVEREST SMART EDUCATION ACADEMY
Birtamode-06, Buttabari, Jhapa,

# दानाबारीमा सशस्त्र प्रहरी बेस क्याम्प पुनर्स्थापना



**बिमल दहाल**

**माई, चैत ३।** इलामको माई नगरपालिका वडा नं. ४मा दानाबारीमा रहेको सशस्त्र प्रहरी बेस क्याम्प पुनः स्थापना गरिएको छ। गत भदौ २३ र २४ गरेको जेन-जी आन्दोलनका क्रममा विस्थापित भएको उक्त क्याम्प पुनर्स्थापना गरिएको हो।

गत फागुन २१ गते निर्वाचनका लागि माई नगरपालिका क्षेत्रमा आएका सशस्त्र प्रहरीलाई नै जिम्मेवारी दिने गरी वेस क्याम्प पुनर्स्थापना गरिएको बताइएको छ। वेस क्याम्प पुनर्स्थापनामा सशस्त्र प्रहरी कार्यालय इलामका प्रमुख एसपी केशब राज प्याकुरेल, माई नगरपालिका उपप्रमुख हिमा भण्डारी, ३ नम्बर वडाध्यक्ष देवकुमार तामाङ, माई नगरपालिका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी भट्टराई, अधिकृत लक्ष्मण भुर्तेल, नमूना सामुदायिक वनका अध्यक्ष केशव दहाल, रेडक्रस दानाबारी सभापति मित्रप्रसाद गौतम, समाजसेवी नारायणप्रसाद दुलाल, नवीन अधिकारी, लक्ष्मण आले, सोम घिमिरे, लक्ष्मी घिमिरे लगायतको उपस्थिति रहेको थियो।

स्थानीयवासी तथा सरोकारवालाहरूको आग्रह र आवश्यक समन्वयपछि क्याम्प पुनः सञ्चालनमा ल्याइएको हो। समुदायको सहकार्यमा सशस्त्र इनिस्पेक्टरको कमाण्डमा प्रहरी रहने समेत जानकारी दिएको छ। पुनर्स्थापनासँगै यस क्षेत्रको सुरक्षा अवस्था थप मजबुत हुने विश्वास गरिएको छ।

क्याम्प पुनः सञ्चालनमा आएपछि स्थानीयवासीहरूमा सुरक्षा अनुभूति बढेको छ। साथै, कुनै पनि आपराधिक गतिविधि नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरीको उपस्थिति प्रभावकारी हुने अपेक्षा गरिएको छ। सम्बन्धित निकायका अनुसार अब उक्त क्षेत्रमा सुरक्षा सतर्कता अझ कडा बनाइने र नागरिकको सुरक्षामा विशेष ध्यान दिइनेछ।

तत्कालीन माओवादी लडाकु रहेको माई-४ स्थित दानाबारी क्यानोन्मेन्टलाई सशस्त्र प्रहरी निरीक्षक एकनाथ श्रेष्ठको कमाण्डमा १६ जना प्रहरी रहने गरी वेस क्याम्प पुनर्स्थापना गरिएको छ। उक्त क्षेत्रलाई सशस्त्र प्रहरीका एसपीकै कमाण्डमा सशस्त्र तालिम केन्द्र स्थापना गर्न माई नगरपालिकाले माग गरेको छ। उक्त प्रस्तावलाई सकारात्मक लिँदै चाडै उक्त स्थानमा सशस्त्र प्रहरी बल तालिम केन्द्र सञ्चालन ल्याइने एसपी प्याकुरेलले जानकारी दिए।

# रुपरत्नका उत्कृष्ट बिद्यार्थी पुरस्कृत



**अर्जुनधारा, चैत ३।** झापाको अर्जुनधारा नगरपालिका-७ स्थित रुपरत्न मेमोरियल बोर्डिङ स्कूलको आयोजनामा मंगलबार विभिन्न विधामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ।

प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिकी सदस्य सचिव नम्रता गिरीको अध्यक्षतामा आयोजित कार्यक्रममा गत शैक्षिक वर्ष २०८१का कक्षा नर्सरीदेखि कक्षा-९ सम्मका प्रथम, द्वितीय र तृतीय भएका बिद्यार्थी, गत शैक्षिक वर्ष २०८१का एसईई परीक्षामा उत्तीर्ण उत्कृष्ट १० जना विद्यार्थी र विभिन्न विधाका उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो।

गतशैक्षिक वर्ष २०८१का एसईई परीक्षामा उत्तीर्ण भएका १० जना विद्यार्थी क्रमशः क्रिस्टिना चौहान (३.९६ जीपीए), प्रास्ना भट्टराई (३.९२ जीपीए), अमिसा घिमिरे (३.८२ जीपीए), प्रिन्सा रिजाल (३.७५ जीपीए), धिरज गिरी (३.७४ जीपीए), विश्वास कार्की (३.७० जीपीए), रोजिना भारती (३.६७ जीपीए), निर्जला गिरी (३.६३ जीपीए), अनमोल गिरी (३.६१ जीपीए) र प्रतीक्षा लुइँटेल (३.५९ जीपीए) रहेका छन्।

त्यसैगरी उत्कृष्ट बिद्यालय सभा सम्बन्धी गतिविधितर्फ कक्षा-५ 'ए', उत्कृष्ट हस्तलेखन अन्तर्गत कक्षा-६ र ७तर्फ सुरज प्रधान, कक्षा-४ र ५तर्फ रोमन अधिकारी र कक्षा-२ र ३तर्फ ग्रेस श्रेष्ठ र दीपशिखा कार्की, सरसफाईतर्फ इसाराङ घले कक्षा-३ 'ए', आरुस कालीकोटे कक्षा-२ 'ए' र साहना ढुंगाना कक्षा-१ 'ए', उत्कृष्ट स्वयंसेवक पुरस्कार कक्षा-९का आयुष चापागाँई र कैलाश कार्कीलाई प्रदान गरियो।

सोही कार्यक्रममा अभिभावकहरुलाई लक्षित गरी म्युजिकल चेयर र बेलुन फुटाउने खेलमा प्रथम, द्वितीय र तृतीय हुने अभिभावकलाई पुरस्कृत गरिएको थियो। प्रधानाध्यापक गिरीसँगै बिद्यालयका इन्चार्ज जीवन लिम्बू, संयोजक सन्तोष राईलगायतले पुरस्कार वितरण गरेको कार्यक्रममा प्रधानाध्यापक गिरीले विद्यालयको वर्तमान गतिविधि एवम् भावी रणनीति बारे जानकारी गराएकी थिइन्।

कार्यक्रममा विद्यालयमा रहेको स्कटिस ब्यान्डले आफ्नो सांगीतिक प्रस्तुति प्रस्तुत गरेको थियो। शिक्षक नारायण पोखेलले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन शिक्षक प्रज्ज्वल भट्टराईले गरेका थिए।

# चैत २७ मा नआउने भएको हो '३६ को आँकडा' ?



अर्कोतिर मुख्य कलाकार नै अर्को फिल्ममा व्यस्त भएका कारण '३६ को आँकडा' निर्धारित मितिबाट सर्न लागेको चर्चा चलिरहेको छ। फिल्मका निर्देशक सवीर श्रेष्ठ पनि प्रदर्शन मिति सार्ने मनस्थितिमा देखिएका छन्। चुनावका कारण प्रचार गर्न नपाएको र अब समय कम रहेकाले फिल्मको रिलिजबारे पुनर्विचार गरिरहेको उनले बताए।

हरेक नयाँ वर्षमा फिल्म रिलिजको चाप उच्च हुने गरेको छ। आगामी नयाँ वर्षमा पनि यही अवस्था दोहोरिँदैछ।

चैत २७ गतेलाई तीन फिल्म 'राम नाम सत्य', '३६ को आँकडा' र 'डल्लेले इन्ट्री मार्‍यो'ले प्रदर्शन मिति तय गरेर बसेका छन् भने बैशाख १ गते अर्को फिल्म 'पहाड' रिलिज हुँदैछ। तर, यी चार फिल्ममध्ये '३६ को आँकडा'ले भने अहिलेसम्म प्रचारको सुरसार नै गरेको छैन।

यो फिल्मको छायांकन पूरा भएर सम्पादन कार्य अन्तिम चरणमा पुगिसकेको छ। तर, प्रदर्शनका लागि अब एक महिना पनि बाँकी नरहेको अवस्थामा निर्माण पक्षले कुनै प्रचार सामग्री सार्वजनिक गरेको छैन। न त कलाकारहरू प्रचारमा सक्रिय छन्। फिल्मकी मुख्य अभिनेत्री रेखा थापा नै यतिबेला आफू निर्देशित नयाँ फिल्म 'माया भनेकै यस्तो होला'को छायांकन गरिरहेकी छन्।

एकातिर फिल्मको प्रचार शून्य हुनु र

उनले भने- 'म फिल्मको रिलिज सार्नुपर्छ भन्नेमै छु। किनकि, चुनावका कारण हामीले प्रचार गर्न नै पाएनौं। अब प्रचार सुरु गर्दा पनि कम समय छ। यसैले रिलिज सार्ने विषयमा टिमसँग छलफल गरिरहेको छु। टिमबाट भने रिलिज नसार्न सुझाव आएको छ। तर, मेरो प्रयास चाहिँ रिलिज सार्नेमै हुनेछ। केही दिनमा यसबारे निर्णय लिन्छौं।'

रेखा र सविरले संयुक्त रुपमा निर्माण गरेको यस फिल्ममा रेखासहित निरूता सिंह, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निशा अधिकारी लगायतका कलाकारहरूको अभिनय रहेको छ। फिल्ममा रेखा डिएसपीको भूमिकामा छिन्। उनको बहिनीको भूमिकामा पूजाले अभिनय गरेकी छन्। उनीहरूबीचको कटु सम्बन्धलाई फिल्मको मुख्य कथावस्तु बनाइएको छ।

### समाजशास्त्रीहरूको दृष्टिकोणमा नयाँ सरकारका प्राथमिकता

# अब शून्य भ्रष्टाचार र झञ्झटरहीत सेवा

**झापा, चैत ३।** जेन-जी आन्दोलनपछि सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले आमनागरिकलाई उत्साहित तुल्याएको छ।

अस्थिर राजनीतिका कारण देशमा भ्रष्टाचार र बेथितिले जरा गाडेको अवस्थामा प्रतिनिधिसभामा करिब दुई तिहाइ सिटसहित एउटा दलले सरकार गठन गर्ने अवसर पाएको छ।

नयाँ संविधान जारी भएपछि अवलम्बन गरिएको मिश्रित निर्वाचन प्रणालीमा कुनै राजनीतिक दलको एकल बहुमत आउँदैन भन्ने भाष्यलाई यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्राप्त परिणामले खण्डित तुल्याइदिएको छ। भ्रष्टाचार अत्य, सुशासन र सेवा प्रवाहलाई प्रमुख मुद्दा बनाएर निर्वाचनमा होमिएको रास्वपा एक्लैले २७५ सदस्यीय प्रतिनिधिसभामा १८२ सिट प्राप्त गरेको छ। रास्वपाले वरिष्ठ नेता बालेन्द्र शाहलाई प्रधानमन्त्रीका रुपमा अघि सारेको छ।

राजनीतिक विश्लेषक र समाजशास्त्रीहरू नयाँ सरकारलाई सुशासन, सामाजिक न्याय, रोजगारी सृजना, सरल सेवा प्रवाह तथा राजनीतिक सहमतिका आधारमा संविधान संशोधनलाई प्राथमिकतामा राखेर काम गर्न सुझाउँछन्।

पूर्वराजदूत जयराज आचार्य नयाँ जनमतको स्वागत गर्दै गत भदौ २३ को विद्रोह र निर्वाचनको परिणामले जनअपेक्षा अनुरुप सरकार अघि बढ्नुपर्ने बताउँछन्। भ्रष्टाचाररहीत शासन र जनताका काम सजिलैसँग होस्, संविधान संशोधनको विषय जटिल छ। एउटै पार्टीको दुईतिहाइ बहुमत नै पुगेको भए संविधान संशोधन हुनसक्थ्यो। संविधान संशोधनभन्दा पनि तत्काल सम्बोधन गर्नुपर्ने विषय नै प्राथमिकता हुनुपर्छ।

पश्चिम एशियाली मुलुकमा सिर्जितका कारण सरकारको प्राथमिकता नै फेरिन गएको उनको भनाइ छ। द्वन्द्व नभएको भए सडक पूर्वाधार र कृषि क्षेत्रलाई आवश्यक पर्ने मलखादतर्फ केन्द्रित गर्नुपर्थ्यो- पूर्वराजदूत आचार्यले भने- तर अहिले इरान-इजरायल युद्ध कारणले पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या देखिएको छ, त्यसमा कूटनीतिक पहल गरेर जनताको दैनिकी अभावलाई सम्बोधन गर्नुपर्ने जिम्मेवारी सरकार सामुन्ने आइसकेको छ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमा निर्वाचनपछि युवापन, जोश, जाँगर र विद्वत्तासहित रास्वपा सरकारको नेतृत्व गर्ने अवस्थामा पुगेकाले जनचाहना सम्बोधन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोग लिएर अगाडि बढ्नुपर्ने बताउँछन्। सुशासन र सेवा प्रवाहसम्बन्धी जनताका आशालाई साकार गर्नुपर्छ। अबका दिन उज्यालो पार्न सक्नुपर्छ- उनले भने।

सुशासनलाई प्रमुख मुद्दा बनाएर रास्वपाको उदय भएको उल्लेख गर्दै पूर्वउपकुलपति माथेमा भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, सरल सेवा प्रवाह, बलियो सुरक्षा व्यवस्था र सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिन्छन्।

पूर्वउपकुलपति माथेमाले भने- संविधान संशोधनका विषय यसअघि पनि उठ्दै आएको छ। यो निकै महत्वपूर्ण छ। संविधान कार्यान्वजयनका १० वर्ष पुगेको छ। सुशासन र संघीयता कार्यान्वयमा बाधक विषय अब सुधार गरेर लैजानुपर्छ।

समाजशास्त्री मीना पौडेल सरकारले तत्कालै आप्रवासनलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिन्छिन्। श्रम कूटनीति र परराष्ट्र नीतिमा सरकार स्पष्ट हुन आवश्यक छ। विद्यमान नीति-नियमलाई समयसापेक्ष तुल्याउँदै कार्यान्वयनमा लैजानुपर्छ- उनले भनिन्।

जनप्रतिनिधि दल विशेषका नभई जनताका प्रतिनिधि हुनुपर्ने धारणा व्यक्त गर्दै उनले युवापुस्ताको नेतृत्वमा सत्ता परिवर्तन भएको अवस्थामा आन्तरिक र बाह्य रोजगारीको व्यवस्था गर्नेतर्फ ध्यान दिनुपर्ने बताइन्।

संविधान संशोधनका क्रममा महिलाका अधिकार सुनिश्चित गर्दै उनीहरूलाई सार्वभौम बनाउनुपर्ने उनको भनाइ छ। संविधान कार्यान्वयनमार्फत सामाजिक न्याय प्रत्याभूत र संघीयता लागू गर्न सकिएमा सुशासन कायम हुनेमा उनी विश्वस्त छिन्।

# सकियो 'कार्की साइँला', बेहुला-बेहुली बने जितु र प्रियना



राजेन्द्र बस्नेतको निर्देशनमा बनेको फिल्म 'कार्की साइँला'को छायांकन सकिएको छ।

धनकुटाबाट छायांकन शुरु गरिएको यो फिल्मको सोमबार बराहक्षेत्रमा अन्तिम दृश्य खिचिएसँगै २१ दिनमा फिल्म प्याकअप भएको हो। एक महिनाको छायांकन तालिका राखिएको भए पनि चुस्त व्यवस्थापनका कारण निर्धारित समयभन्दा ९ दिनअघि नै काम सकिएको निर्देशक बस्नेतले बताए।

छायांकनको क्रममा फिल्मका मुख्य जोडी जितु नेपाल (मुन्द्रे) र प्रियना आचार्य (मुन्नी)को विवाहको दृश्य समेत खिचिएको थियो। छायांकन पूरा भएसँगै निर्माण पक्षले उक्त दृश्यको तस्वीर सार्वजनिक गरेको छ। यसले फिल्ममा जितु र प्रियना श्रीमान्-श्रीमतीको भूमिकामा रहेको स्पष्ट पार्छ। दुवैले पहिलोपटक फिल्ममा सहकार्य गरेका हुन्।

कर्णबहादुर फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा सुशील पोखरेल, वीरेन्द्र सिंह कुशहुवा, मान्शी शर्मा, रेणुका आचार्य, दिप्सन लिम्बू, रोदा राई, कमल देवकोटा लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ। फिल्मका निर्माता बालकुमार राई हुन् भने प्रस्तुतकर्तामा कृष्ण भगत चाम्लिङ रहेका छन्।

फिल्ममा डम्बर राईको छायांकन, किरण दाहालको द्वन्द्व निर्देशन तथा दिप्सन लिम्बूको संगीत रहेको छ। फिल्मका मुख्य सहायक निर्देशक रोजल थापा हुन्। ग्रामीण परिवेशमा निर्माण भएको यो फिल्म भरिया पात्र (पारिश्रमिक लिएर भारी बोक्ने मानिस)को संघर्षको कथामा आधारित रहेको जनाइएको छ। निर्माण टिमले फिल्मको प्रदर्शन मिति भने तय गरेको छैन।

## क्यासिनोबाट ...

क्यासिनो महजडबाट एक जनालाई पक्राउ गरिएको एसपी भट्टराई बताए। दुवै क्यासिनोमा हारजित हुने गरी जुवा खेल्ने र खेलाउने गरिएको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको भट्टराईको भनाइ छ। नेपाली नागरिकलाई क्यासिनो जुवा खेल्न र खेलाउन अनुमति छैन।

उनीहरूबाट एक लाख ९० हजार रुपैयाँ बरामद गरिएको छ।

त्यस्तै, १४ वटा मोबाइल, एउटा नक्कली भारतीय आधार कार्ड, दुई वटा सवारी चालक अनुमति-पत्र, एउटा नक्कली भारतीय भोटर कार्ड, सीसी क्यामेराको ३ वटा डीभीआर र नेपालीले नगद साटेको इन्ट्री बुक पनि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

## ग्यासको ...

विभाग सक्रिय रहेको जनाइएको छ। विभागले सबै ग्यास उत्पादक उद्योग र वितरक सबैमा कानून अनुसार व्यापार व्यवसाय गर्न तथा कुनै पनि गैरकानूनी क्रियाकलाप नगर्न सचेत गराएको छ।

सोमबार मात्रै विभागले ग्यास लुकाएको पाइएपछि श्रीराम ग्यास उद्योगलाई रु. तीन लाख जरिवाना गरेको छ। सो उद्योगको ललितपुर हरिसिद्धिमा रहेको गोदाममा लुकाएर राखेको १४ दशमलव दुई किलोग्राम तौलका छ हजार ३ सय ७७ थान सिलिण्डर फेला परेको विभागले जनाएको छ।

## सरकारी ...

५३ दशमलव १६ र आन्तरिक ऋणको हिस्सा ४६ दशमलव ८४ प्रतिशत रहेको छ। हालसम्मको कूल सार्वजनिक ऋण कूल गार्हस्थ्य उत्पादनको ४७ दशमलव १३ प्रतिशत हुन आउँछ।

सरकारले चालू आर्थिक वर्षका लागि रु. पाँच खर्ब ५९ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा रु. दुई खर्ब ९५ अर्ब १९ करोड ऋण उठाइसकेको छ। जुन वार्षिक लक्ष्यको ५० दशमलव ४४ प्रतिशत हो। चालूआर्थिक वर्षका लागि आन्तरिकतर्फ रु. तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म ६७ दशमलव ३१ प्रतिशत अर्थात् रु. दुई खर्ब ४३ अर्ब ६६ करोड बराबर उठिसकेको छ।

त्यस्तै, बाह्यतर्फ रु. दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा २४ दशमलव ३१ प्रतिशत अर्थात् रु. ५६ अर्ब ८० करोड मात्रै उठेको छ।

त्यस्तै, सरकारी ऋणको साँवा-ब्याज तिर्नका लागि यस वर्ष सरकारले रु. चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा फागुन मसान्तसम्ममा रु. दुई खर्ब ४२ अर्ब २६ करोड भुक्तानी भइसकेको छ। यो वार्षिक विनियोजनका आधारमा ५८ दशमलव ९४ प्रतिशत हो। कूल गार्हस्थ्य उत्पादनको आधारमा माघ मसान्तसम्मको कूल ऋण सेवा खर्च तीन दशमलव ९७ प्रतिशत रहेको कार्यालयले जनाएको छ।

## प्रहरी ...

बरामद भएको छ। ती सामग्री चोरीसँग सम्बन्धित हुनसक्ने आशंकामा आमा-छोरीलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जनाइएको छ।

यता घटनाले कानूनी प्रक्रिया र मानवअधिकारको विषयमा गम्भीर बहस जन्माएको छ। राष्ट्रिय मानव अधिकार सञ्जाल झापाका अध्यक्ष डा. रुपक खनालले यस्तो कार्य गैरकानूनी हुने स्पष्ट पारे। 'खानतलासी पुर्जी बिना घर खानतलासी गर्न पाइँदैन'- उनले भने- 'मानिसलाई नियन्त्रणमा लिँदा कुटपिट गर्न पाइँदैन, नाबालिकालाई हिरासतमा राख्न मिल्दैन।' उनका अनुसार यदि आरोप सत्य भए 'यो सरासर मानवअधिकार उल्लंघन' हो र यसलाई सञ्जालले गम्भीर रूपमा लिनेछ।

अधिवक्ता तारामणि सापकोटाले पनि नाबालिकासम्बन्धी कानूनी प्रावधान स्पष्ट रहेको बताए। 'बालबालिकालाई पक्राउ गरेर हिरासतमा राख्न पाइँदैन'- उनले भने- त्यस्तो अवस्थामा बाल संरक्षण कक्षमा राखेर सादा पोशाकका प्रहरीले अनुसन्धानका क्रममा हेरचाह गर्नुपर्छ। तर, फौजदारी अपराध गर्‍यो भने पनि हिरासतमा राख्न पाइँदैन।

घटनापछि परिवार न्यायको खोजीमा छ। प्रहरीको कुटपिट, गैरकानूनी हिरासत र सम्पत्ति हिनामिनाको छानविन हुनुपर्ने उनीहरूको माग छ। स्थानीयहरू समेत घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्ने पक्षमा देखिएका छन्।

इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतमा बिना कसुर पुगेका बिर्तामोडका युवा व्यवसायी कृष्ण अग्रवालले हिरासत कक्षमा हुने गरेको कुटपिटको घटना सार्वजनिक गरेपछि प्रहरीको कर्तुत खुलेको हो।

## चैते ...

भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै उनले १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने उल्लेख गरे। उनका अनुसार सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्नेछ। यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने विभागका महानिर्देशक सञ्जेलले जानकारी दिए। सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाएको छ। सरकारले गत वर्ष प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो।


## ट्रान्सक्रिप्ट सर्टिफिकेट हरायो

मिति २०८२।१०।२४ गतेका दिन बिर्तामोडबाट भद्रपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम :- निमा घले
ठेगाना: बिर्तामोड-५, झापा
माइग्रसेन नं. NEB REG NO. 811040200122
सिम्बोल नं. :- ९०४००५९२
सम्पर्क नं. :- ९८२८३७६५९२

## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

मो. ९८०७९२२३०१


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## नवीनताको अपेक्षा

**नेपालको राजनीति बहुजनले अपेक्षा गरे अनुरुप पुस्तान्तरणको ढोकामा उभिएको छ । जेन–जी बिद्रोहको माग जस्तै विशिष्ट परिस्थितिमा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनले अधिकांश नयाँ र युवा अनुहारलाई संसदको ढोका खेलेको हो । यसै पनि यान्त्रिक उपकरणलाई जस्तै राजनीतिमा पनि पुनर्संरचना आवश्यक हुन्छ । जसले राज्यका सबै अङ्गहरुलाई पुनर्ताजगी र ऊर्जा प्रदान गर्छ । देशमा वर्षौंदेखि हुर्किएको बेथिति, विकृति र भ्रष्टाचारले थिलथिलो भएको संयन्त्रको परिवर्तन जेन–जी विद्रोहको माग थियो । त्यही मागले अपेक्षा गरे जस्तै फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा आममतदाताले संयन्त्रको नवीकरण र पुनर्ताजगीका लागि मार्गप्रशस्त गरिदिएका छन् ।**

**अबको संसद युवाबहुल व्यवस्थापिका सभा हुनेछ । त्यही व्यवस्थापकीय परिधिबाट नियम कानून र त्यसको कार्यान्वयनका सम्बन्धमा व्यवस्थापन हुनेछ । त्यही व्यवस्थापनले सुशासनको प्रत्याभूति गराउने छ । आममतदाताको त्यही अपेक्षा छ । यद्यपि जेन–जी विद्रोह राज्यको बर्बर दमनबाट मृत्युवरण गर्न पुगेका विद्यार्थी युवा तथा सर्वसाधारणको बलिदान उनीहरुका परिवारका लागि अतिशय पीडाको घटना हो । त्यही घटनाको प्रतिक्रियाका रुपमा दोस्रो दिनको भौतिक क्षति इतिहासकै दुखान्त परिणति हो । त्यसकै बलमा भएको निर्वाचनले विगतमा कुनै राजनीतिक गतिविधिमा सामेल नभएका नयाँ अनुहार प्रतिनिधिसभामा देखिने छन् भने देख्दा–देख्दा गरेका पुराना अनुहारहरु वर्तमान संसद अर्थात् प्रतिनिधिसभामा देखिने छैनन् । युवा सांसदहरुको उल्लेख्य र उत्साहजनक उपस्थिति नेपालको इतिहासमै नवीन परिस्थितिका रुपमा रहने छ ।**

**पुरानो अनुहार हराउनु मात्रै देशको वर्तमान आवश्यकता होइन । अबको संसद सत्ता स्वार्थको चलखेलबाट मुक्त हुनुपर्छ, विगतको जस्तो सरकारको लाचार छायाँ मात्र बन्नु हुँदैन । जनचासोका विषय बहसको विषय नै नबनिएको विगतको संसद जस्तो हाजिर गर्ने भत्ता खाने मात्रै पनि हुनुहुँदैन । जनजीविकाका विषयहरु शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी लगायतका विषयहरु माथि गम्भीर बहस गर्दै आमजनताको पहुँचमा पुग्ने कार्यक्रम पनि आउनुपर्छ । आशा पनि छ कि नवगठित प्रतिनिधिसभा देशमा विद्यमान कुशासन र भ्रष्टाचारजन्य दीर्घरोगलाई न्यूनीकरण गर्दै निर्मूल गर्न अग्रसर हुनेछ । बदलिएको परिस्थिति, समय र वर्तमानका आवश्यकताहरुको पहिचान गर्दै प्रविधियुक्त र समाज रुपान्तरणको यात्रामा अब बन्ने सरकार र संसद सफल हुनेछ । आमनेपाली खासगरी नेपाली मतदाताको सरोकार र अपेक्षा पनि यही हो ।**

# नेपालमा 'पपुलारिजम' र 'अग्लोरिदम'को प्रयोग



इ. महेन्द्र पराजुली



क्षणिकको लोकरिझ्याइँका लागि 'पपुलारिजम'को सहारा निर्वाचन जित्नेदेखि 'स्टन्ट' र प्रपोगण्डा गर्ने टुलको रूपमा प्रयोग हुँदै आएको छ, केही दशकदेखि विश्व परिवेशमा। 'पपुलारिजम'को असर नेपालमा पनि परि हावा बहेको पृष्ठभूमिमा संसदीय फाँट होस् या पार्टीको आन्तरिक निर्वाचनमा मात्र नभएर पार्टी कब्जा गर्न समेत यसको प्रयोग भयो। 'पपुलारिजम'को प्रयोग राजादेखि दोस्रो पुस्ता भनिएका नेता समेतले गरे। 'पपुलारिजम'को आवरण सुखद् मात्र नभएर दुःखद् पनि हुन्छ भन्ने पुष्टि गर्न धेरै अगाडिको इतिहास पल्टाउनै पर्दैन।

पूर्व राजा ज्ञानेन्द्रले राजाको हैसियतमा गरेका देशदर्शनको चित्र नै काफी छ। कर्णप्रिय लाग्ने जयजयकारको गगनभेदी तरङ्गित ध्वनि श्रवण गरेका तिनै कानले मुर्दावाद र देश छोड्को गुञ्जायमान स्वर सुन्दा ज्ञानेन्द्रले कस्तो अनुभूत गरे होलान्। हेक्का रहोस्, 'सेलिब्रेटि'को रूपमा छलाङ मार्दै लोकप्रियताको कसीमा खरो उत्रिन कोशिश गर्ने पात्रहरूलाई। भारत बिहारका विवादित मुख्य एवम् संघीय मन्त्री लालु यादवको लोकप्रियताको ग्राफ छोटो समयमै ह्वात्तै बढेको थियो केही समयका लागि। तिनै लालुले कारावासको हावा खानु परेको पनि यहाा स्मरणीय छ।

कुनै पनि व्यक्ति वा नेतृत्व लोकप्रिय हुनका लागि 'पपुलारिजम' साधन मात्र हो, साध्य भने होइन। 'सेलिब्रिटि'का रूपमा उदाएका व्यक्ति 'पपुलिस्ट' बन्न सक्छन्, तर लोकप्रियताको कसीमा खरो उत्रन उसमा लिडरशीपमा हुनु पर्ने न्यूनतम गुणहरू आवश्यक मानिन्छ। दृष्टिकोण, सञ्चार कौशल, इमानदारिता र निष्ठा, निर्णय क्षमता, मानवता र सहानुभूति, प्रेरणा दिने क्षमता, समीक्षा र आत्मलोचना, लचिलोपन, साहस, टोली निर्णय र समन्वय क्षमता जस्ता गुणहरू नै सफल नेतृत्वका लागि साध्य हुन्।

चर्चित र लोकप्रिय शब्द धेरै प्रयोग हुँदै आएका छन् पछिल्लो समय विभिन्न क्षेत्र, विधामा मात्र नभएर नेपालको राजनीतिमा पनि। भ्रम यस्तो सिर्जना गर्न खोजिएका छ कि चर्चित र लोकप्रिय शब्दले एउटै अर्थ बोक्दछन्। यो भाष्य गलत हो। चर्चित हुन यो विधा वा त्यो विधा अथवा क्षेत्र भन्ने निश्चित दायरा र समयसीमा हुँदैन, तर लोकप्रिय हुनका लागि केही आधारभूत मूल्य-मान्यता, विधि र पद्धति हुन्छ। चर्चित हुन जति छिटो र सजिलो छ, लोकप्रिय हुन लामो तपस्या र धैर्यता चाहिन्छ।

'पपुलारिजम'को मापन Social Media Algorithm को माध्यमबाट गरिने छरपस्ट पोस्टहरू, कमेन्ट, लाईक, शेयर, फलोअर, यूट्यूब अनि टेलिभिजनका पर्दाहरूमा प्रशारण हुने अन्तरवार्ता र पत्रकारले प्रायोजित रूपमा प्रशंसाको पुल बाँध्दै प्रकाशित गरेका स्तुतिगान अनि पितपत्रकारिताले मात्र गर्दैन। त्यस्तै गरेर स्वागतका लागि निर्माण गरिएका आकर्षक स्वागतद्वार, बाटो वा विमानस्थलमा अर्पण गरिने गलाभरिका खादा, माला अनि हातभरिका फूलका गुच्छा, मुहारभरि रङ्ग्याइने अबिरसँगै देखिने भिडभाड एवम् न्यानो आतिथ्यता पनि तथाकथित लोकप्रियताको मानक हुन सक्दैनन्। यसको पुष्टि हालै सम्पन्न आमनिर्वाचनले गरेको छ।

नेपालको सन्दर्भमा 'पपुलारिजम'को पहिलो प्रयोगकर्ताका रूपमा नेपाली कांग्रेसका गगनकुमार थापा र राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछानेलाई लिने गरिन्छ भने 'पपुलारिजम' र अल्गोरिदम दुबैको प्रयोगकर्ताको रूपमा काठमाडौं महानगरपालिकाका पूर्व मेयर बालेन्द्र शाह (बालेन)लाई लिने गरिन्छ। पछिल्लो समय अल्गोरिदमको प्रयोग भएको उदाहरण हो जेन-जी मुभमेन्ट र हालै सम्पन्न आमनिर्वाचन।

'युज एण्ड थ्रो' सिद्धान्तको व्यापार पनि फस्टाउँदै गएको छ नेपालको राजनीतिमा। परख गर्नमा नेतृत्व तहमा रहेका नेताहरू नै देखिन्छन् अग्रपङ्क्तिमा। स्वस्थ आलोचनासम्म सुन्न नचाहने नेतृत्व आफूलाई देवत्वकरण गरिदिएको हेर्न चाहन्छ भने आफूमात्र लायक अरू सबै नालायक, म ठीक अरू बेठीक भन्ने भाष्य निर्माण गर्न उद्यत हुँदै 'वान मेन शो' प्रदर्शन गर्दछ आफ्नो निजी स्वार्थका लागि। जस जति आफ्नो पोल्टामा अनि अपजसजति अर्काको टाउकामा थोपरेर आफू चाहिँ पानी माथिको ओभानो हुन खोज्ने प्रवृत्ति, आफू सफल र अरूलाई असफलको बिल्ला भिराउँदै अग्रजहरूको भूमिका खुम्च्याउने, अवमूल्यन गर्ने प्रवृत्तिले पुस्तान्तरणको 'डक्ट्रिन'लाई बल पुग्दैन। व्यक्ति उमेरले बूढो हुन्छ, विचारले होइन। यो त प्रकृतिको नियम नै हो।

'लोकप्रियतावाद' र 'लोकतन्त्र' फरक-फरक विचारधारा हुन्। लोकतन्त्रमा नै लोकप्रियतावाद फस्टाउँछ। लोकप्रियतावादमा व्यक्तिको नायकत्व प्रधान हुन्छ भने लोकतन्त्रमा प्रणाली प्रधान हुन्छ भन्ने मान्यता विपरित प्रणालीभन्दा एकल नायकत्वमा विश्वास गर्ने कार्यकारी भूमिकामा रहेकाको प्राक्टिस गलत हो। आवेग, उत्तेजना, दम्भ अनि घमण्ड सफल नेतृत्वका लागि बाधक हुन्। आफूले सम्मान खोज्नेले अरूको पनि सम्मान गर्न जान्नु पर्दछ। नेपालको पछिल्लो राजनीतिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको उदय लोकप्रियतावादको जगमा भएको हो। व्यक्तिलाई लिने हो भने काठमाडौं महानगरपालिकाका पूर्व पमेयर बालेन्द्र शाह (बालेन) र धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ राईलाई उदाहरणको रूपमा लिने गरिन्छ।

लोकप्रियताको जामा पहिरिन सार्वजनिक खपतका लागि गरिने मिठा र चर्का भाषण, बाँडिने भूठा आश्वासनका पुलिन्दा, सिर्जना गरिने भ्रम अनि 'स्टन्ट' र 'प्रपोगण्डा' पनि लोकप्रियताको मानक हुन सक्दैनन्। लोकप्रियताको तराजुमा जोखिँदा यी फ्याक्टरहरूले व्यक्तिलाई शून्य मात्र होइन अन्धो नै बनाइदिन्छ। इथिक्स र भ्यालुज नै लोकप्रिय नेतृत्वका सारथी हुन्। 'गोयबल्स शैली', 'लिनप्याओ प्रवृत्ति', ढोंगी चरित्र प्रदर्शन गर्नाले नेतृत्वको विचार मूल्य-मान्यता अनि सिद्धान्तमा मूल्य स्खलन आई उनीहरूको व्यक्तित्व धुमिल हुँदै आर्जन गरेको लोकप्रियताको ग्राफ ह्वात्तै घटेको छ।

आफूले रुमानी सपना देख्दै अनि अरूलाई पनि देखाउँदै, आफ्नो घर जलाएर आगोको राप ताप्ने अनि त्यही खरानीको व्यापार गर्ने, मतदातालाई भोट बैंकको रूपमा मात्र प्रयोग गर्ने, पटक-पटक तिनैको संवेदनामा खेल्दै रोटी सेक्ने, पार्टीलाई लाइसेन्सको रूपमा प्रयोग गर्दै निर्वाचन क्षेत्रलाई बिर्ता ठान्ने अनि तावेदारी गर्ने, रक्षाकवच बन्ने, भक्तिभाव देखाउने, आरती उतार्ने मनुवाहरूलाई पुरस्कृत गरेर अरूलाई अपमानित गर्ने, केही थान स्तम्भकार, लेखक र राजनीतिक विश्लेषकलाई हतियार बनाएर धमिलो पानीमा माछा मार्ने, हिरोइज्मको प्रदर्शन गर्ने अतिवादी सोच भएको नेतृत्व लोकप्रिय हुन सक्दैन। कसैको मौनता र सदाशयतालाई कमजोरी ठानियो भने त्यो भूल हुनेछ।

आफूलाई मालिक अरूलाई दास ठान्ने, हामी होइन म भन्ने अनि आफूलाई जिम्वावाल, विर्तावाल र मुखियाको रूपमा प्रस्तुत गर्दै अरूलाईं रैती, हरुवा, चरुवा, गोठाला, बँधुवा मजदुर र कमैयाको व्यवहार गर्ने बाईसाईक्लिङ पर्सनालिटी भएको नेतृत्वमा कथनी र करनीमा फरक छ। नेतृत्व प्रोएक्टिभभन्दा धेरै रियाक्टिभ बनेको छ। कित्ताकाटमा परेका अपमानको मन्द विष पिउन विवश छन्। नेतृत्वकै कारण राजनीति दूषित बनेको छ। जेन-जी मुभमेन्टको पृष्ठभूमि त्यसै र त्यत्तिकै तयार भएको होइन। यसको गहिराई नाप्न यिनै कारणहरू पर्याप्त छन्। चेतना खुल्न जरुरी छ नेतृत्वलाई।

# बालेन लहरको मनोविज्ञान

प्रदिप्नराज पन्त



हालै सम्पन्न चुनावमा २०७९ सालमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषकको अनुमानभन्दा फरक नतिजा ल्याएको छ। १८२ सिट अर्थात् झन्डै दुईतिहाइ सिटको जितपश्चात् रास्वपाले हासिल गरेको सफलतालाई चुनावी लहर विशेष गरेर बालेन्द्र (बालेन) शाहको पक्षमा आएको लहर भनेर विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सञ्चार जगत् र विश्लेषकहरूले पनि स्वीकारेका छन्। हुन पनि यो चुनावको नतिजा नेपालका पुराना भनिएका दललाई शुभ सङ्केत होइन भने रास्वपाका लागि भविष्यको अत्यन्त रोमाञ्चक सम्भावना हो।

यस्तो किन भयो ? सैद्धान्तिक रूपमा अक्सर मध्यावधि चुनावमा चुनावी लहर आउने गर्छ, जहाँ सत्ताभन्दा बाहिरको पार्टीलाई मौजुदा शासनबिरुद्ध प्रतिक्रियास्वरूप समर्थन मिल्ने गर्छ। कहिलेकाहीँ एउटा करिस्मेटिक नेताका रूपमा कुनै नयाँ मानिस राजनीतिमा आउँछ र त्यसले यस्तो गति उत्पन्न गर्छ, जस कारण स्थापित राजनीतिक दललाई अस्तित्वको सङ्कट उत्पन्न गरिदिन्छ। विशेष गरेर गम्भीर आर्थिक सङ्कट, बेरोजगारी र चरम भ्रष्टाचार हुँदा मतदातामा परिवर्तनको इच्छा उत्पन्न हुन्छ र नयाँ नेताप्रति लहरको भावना जागृत हुन्छ। नेपालमा जेनजी विद्रोहपछि परिवर्तनको भावना अत्यन्त तीव्र भएर आयो र बालेन पक्षमा लहर नै आयो।

भारतमा सन् २०१४ मा मोदी लहर आए जस्तै तर नेपालको सन्दर्भमा यति मात्रै होइन, राजनीतिक मनोविज्ञान पनि कारक तत्वका रूपमा अग्रणी स्थानमा छ। नेपालका स्थापित र पुराना भनिएका राजनीतिक दलले जेन-जी आन्दोलनपश्चात् हुन लागेको चुनावमा बृहतस्तरको राजनीतिक संरचना बनाउन सकेनन्। यसका साथै सूक्ष्मस्तरको कारक तत्वको खोज गरेर निर्णय लिने प्रक्रियामा नवपुस्तालाई समेटेर गहिरो न्याय सम्पादन गर्नमा उनीहरूको भूमिका स्पष्ट परिभाषित गर्न सकेनन्। यसैले नेपालमा बालेन लहर जन्मियो।

**पृष्ठभूमि**

नेपाली राजनीतिमा विगतमा पनि राजनीतिक लहर नदेखिएको होइन। २०१५ सालमा नेपाली कांग्रेसको पक्षमा दुईतिहाइ जनमत देखिएको थियो। २०६४ सालमा माओवादीको पक्षमा र २०७४ सलामा दुई वा दुईभन्दा बढी दल मिलेर चुनावमा जाँदा दरिलो गठबन्धन गर्न नसक्ने दलले लज्जास्पद पराजय भोगेका थिए, तर अहिलेको जस्तो अप्रत्याशित परिवर्तन देखिएको थिएन। अहिलेको चुनावमा चाहिँ आमधारणा के देखियो भने पक्षपातपूर्ण राजनीति, विशेष गरेर नकारात्मक पक्षपातपूर्ण व्यवहारले गर्दा नेपाली मतदातामा अस्थिर मतदान प्रवृत्तिको सूत्रपात भयो। यहाँसम्म कि नेपाली कांग्रेस, एमाले र हालको नेकपाप्रति प्रतिबद्ध व्यक्तिमा समेत यसको प्रभाव देखियो। जेन-जी विद्रोहको कारण समयभन्दा दुई वर्षअघि भएको यो चुनावलाई मानिसहरूले बालेनबिरुद्ध पुराना राजनीतिक दलबिच जनमत सङ्ग्रह जस्तै विश्लेषण गर्न थाले र यसैगरी हेरे।

जनमत सङ्ग्रहमा प्रायः मतदाता सरकार र शासनप्रति उदासीन हुन्छन् र विपक्षमा मतदान गर्ने निर्णयका साथ उनीहरू उभिन्छन्। यो समय शासन समालेका सबै दलका विपक्षीको रूपमा मतदाताले रास्वपा त्यसमाथि पनि बालेन शाहलाई चुने। यो अहिले भइरहेको घटनाको एउटा हिस्सा हो तर पिँढीगत आयाम अर्को ज्यादै विशिष्ट पक्ष हो। पिँढीगत संरचना राजनीतिक घटनासँग जोडिएको हुन्छ। जेनजीले यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्। यसमा कुनै सन्देह छैन कि अहिलेको चुनावमा अधिकांश जेन-जी लगायत नवपुस्ताले बालेनलाई नै आफ्नो प्रतिनिधि सम्झन पुगे।

नेपालको संसदीय चुनावको इतिहास हेर्ने हो भने यस्तो लाग्छ कि नेपालमा चुनावी लहर कहिले ज्यादा त कहिले कम त कहिले अलि फरक रूपमा देखिएको छ। २०१५ सालको चुनावमा कांग्रेसको पक्षमा लहर थियो। वीपीको करिस्मावाला नेतृत्व सफल हुन सक्छ भनेर तत्कालीन कांग्रेसका सभापति सुवर्ण शमशेरले विशेष महाधिवेशन अन्तर्गत वीपीलाई सभापति बनाएर चुनाव लड्दा नेपाली कांग्रेसले दुईतिहाइ बहुमत ल्यायो। त्यसपछि मदन भण्डारीको जनताको बहुदलीय जनवादको करिस्माले कम्युनिस्टहरू एउटा लहरमा प्रवेश गरेको हो कि भन्ने भान हुन पुग्यो। तत्कालीन अवस्थामा एमालेले स्थानीय निकायमा ठूलो बहुमत ल्यायो। त्यसपछि सशस्त्र विद्रोहबाट उदाएको माओवादीको पक्षमा लहर आयो तर ती लहर सधैँ रहेनन्। बिस्तारै पतन भयो तर अहिले रास्वपाको लहर हेर्दा सम्भवतः यो मोदी लहर जस्तै निकै लामो समय जाने हो कि भन्ने विश्लेषण पनि गर्न शुरु भइसकेको छ। भ्रष्ट नेतालाई सामुहिक रूपले बाहिर पुऱ्याउनका लागि जेन-जी समूहले सबै मतदातालाई उत्सुक बनायो, तर यो फगत संयोग मान्ने विश्लेषकको कमी पनि देखिँदैन।

**मौका तथा जोखिम**

नयाँ नेतृत्वका लागि मौका मात्रै होइन, जोखिम पनि छ। लहरवाला चुनावलाई अप्रत्याशित हो भनेर भन्नु न्यायसङ्गत हुँदैन। यसलाई अप्रत्याशित ठान्ने भुल कसैले गर्न हुँदैन। यहाँनेर कुनै नेतालाई कुनै दल विशेष सहानुभूतिका लागि यो नतिजा अप्रत्याशित भनेर विश्लेषण गरियो भने त्यसको परिणाम झनै खतरनाक हुन सक्छ। जनमत सर्वेक्षणबाट अहिलेको चुनाव, लहरको चुनाव मात्र हुन सक्छ भन्ने देखिन सक्छ तर यसले उम्मेदवार र मतदाताको धारणालाई पनि प्रभावित गर्छ।

जो सम्भावनाको सिद्धान्त (प्रोस्पेक्ट थ्योरी)बाट परिचित छन्, तिनीहरूले जानेकै हुन्छन् कि व्यक्तिले अनिश्चिततामा कसरी निर्णय लिन्छ। एक लाख रुपैयाँ नोक्सान गर्न एक लाख रुपैयाँको लाभ हुनुभन्दा बढी चिन्ताजनक हुन्छ। समान लाभ प्राप्त गर्ने तुलनामा नोक्सानसँग कसरी बच्ने भन्ने प्राथमिकता दिन्छन्। यसको मतलब लाभमा दलहरू विजय हुँदा सुरक्षित उपाय अपनाउँछन् र पराजित अधिक जोखिम उठाउँछन्। अहिले रास्वपाका विजेतालाई लहरको प्रभावले अति आत्मविश्वास र अति आत्मसन्तुष्टि पैदा भएको छ र पुराना भनिएका दल पराजयपछि अधिक सर्तक भएका छन्।

रास्वपाका कतिपय नेता तथा उनीहरूको स्वजन, प्रियजनले उम्मेदवारले भन्दा बढी आत्मसन्तुष्टि पैदा भएको सामाजिक सञ्जालमा देख्न पाइन्छ। राजनीतिमा सामान्यभन्दा सामान्य कुरालाई हल्का रूपले लिन हुँदैन। अब हुने स्थानीय र प्रदेशस्तरीय चुनावलाई समेत ध्यानमा राखेर अवसरको लाभ उठाउन आवश्यक छ। न कि विजयमा रमाएर सामान्य कुरामा ध्यान नदिने।

**नेपाली भावना**

अहिलेको चुनावको सबैभन्दा ठूलो परिणाम यो हो कि रास्वपा भारी बहुमतको साथ प्रतिनिधि सभामा उपस्थित हुँदैछ र आफ्नो दबदबा स्थापित गर्नेछ। यस्तै परिदृश्य २०७४ सालमा कम्युनिस्ट दल एक हुँदा पनि भएको थियो। मुख्य अन्तर के थियो भने तत्कालीन समयमा एकीकृत भएका दल भनिए पनि एमाले र माओवादीबीच गहिरो मत भिन्नता थियो। त्यसमा दुबै पक्षका केही मानिसले पार्टी फुटाउन तत्कालीन शीर्ष नेतालाई दबाब दिएका थिए र अहिले पनि बालेन पक्ष र रवि पक्ष भन्ने दुई समूह रास्वपा छ किनभने बालेनले चुनाव पूर्व नै आफ्ना मानिस भनेर उम्मेदवार बनाएका थिए। रास्वपाको नियमबिरुद्ध संसदीय नेता चुन्न पूर्व नै प्रधानमन्त्री घोषणा समेत भएको थियो।

रास्वपाको पक्षमा चुनावी लहर भनेर बुझाउन खोजिए पनि यो एक गम्भीर मनोवैज्ञानिक समस्या बन्न सक्छ। यस कारण चुनावी मतदानमा लहर देखिएको छ, तर शासनमा सत्ता सञ्चालन गर्दा विगतमा जस्तै देखियो भने नागरिकको स्थायी सरकारको चाहना पूरा हुन सक्ने छैन। अहिले पनि यो चाहना पूरा हुन सकेन भने नेपालको राजनीतिक व्यवस्थालाई प्रतिनिधिमूलक व्यवस्था भन्न नेपाली जनतालाई मुस्किल हुने छ। नेपालमा कुनै पनि सरकारले आफ्नो कार्यकाल पूरा गरेको अहिलेसम्म अभिलेख पनि छैन। यसकारण स्थायी सरकार नेपालीको चाहना हो भन्ने स्वयंसिद्ध नेपाली भावनालाई विचार गर्न रास्वपाका सबै जिम्मेवार नेताले आवश्यक छ। गोप







ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय शुभ रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिको वादविवाद मिलेर जाने योग रहेको छ, धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोलिको भरमा काम बन्ने योग छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** अनावश्यक खर्च घटेर जानाले मन शान्त रहनेछ, अवसरका निम्ति थोरै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धीको समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ, मन खुशी रहने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** पती, पत्नीबीच समझदारी बढ्न सक्छ, समय अगावै काम फत्ते हुने योग छ, सन्तान पक्षबाट शुख मिल्नेछ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा रमाइलो जमघट हुनेछ, विरोधीहरु हारले घुडा टेक्नेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** दिन मध्यम रहेको छ, कार्यसिद्धीमा भएका बाधा अड्चन हट्ने छन्, थोरै घाटाको सामना गर्नुपर्ला विचार पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** व्यापार-व्यवसायमा लाभदायक योग आएको छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नाले मन प्रशन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

मिति २०८२/१२/०३ मंगलबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३०९,९००/-
चाँदी
प्रति तोला
रु. ५,३३५/-

# सवारी दुर्घटनामा मृत्यु

**सुनसरी, चैत ३।** सुनसरीको बर्जु गाउँपालिका-२ मा गएराति मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा मोटरसाइकल चालक विराटनगर महानगरपालिका-१४ का ३२ वर्षीय जयकृष्ण यादव रहेको सुनसरीका प्रहरी नायव उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए।

विराटनगरबाट बेलाहातर्फ जाँदै गरेको प्रदेश १-०४-००२ प ५६५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका यादवको उपचारका क्रममा मृत्यु भएको उनले जानकारी दिए।

दुर्घटना ग्रस्त मोटरसाइकल इलाका प्रहरी कार्यालय सीतागञ्जमा राखिएको छ भने घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। तीव्रगतिका कारण चालकले सडकमा ध्यान नदिँदा दुर्घटना भएको हुनसक्ने प्रहरीले जनाएको छ।



**मुन्दुम पद मार्ग** : भोजपुरको टेम्केमैयुङ गाउँपालिकामा अवस्थित मुन्दुम क्षेत्र। मुन्दुम पदमार्गको विकासका गाउँपालिकाले संरचना निर्माण लगायतका कार्यहरु गरिरहेको छ। *तस्वीर : रासस*

# खतिवडालाई 'साधु रामचन्द मुर्मू-पण्डित रघुनाथ मुर्मू अवार्ड'

**बिर्तामोड, चैत ३।** नेपाली चलचित्रकर्मी किरण खतिवडालाई ९औं अन्तर्राष्ट्रिय सान्थाली सम्मेलन-२०२६ का अवसरमा प्रतिष्ठित 'साधु रामचन्द मुर्मू-पण्डित रघुनाथ मुर्मू अवार्ड' प्रदान गरिएको छ।

भारतको दार्जिलिङमा आयोजित सम्मेलन अन्तर्राष्ट्रिय सान्थाल परिषद्, नयाँ दिल्लीको सहकार्यमा सम्पन्न भएको हो। सम्मेलनमा विभिन्न देशका विद्वान्, कलाकार तथा सांस्कृतिक प्रतिनिधिहरू सहभागी भई सान्थाली भाषा, संस्कृति र आदिवासी पहिचानका विषयमा छलफल तथा आदान-प्रदान गरेका थिए।

कार्यक्रमको प्रारम्भिक कार्यतालिका अनुसार उक्त सम्मान भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले उद्घाटन सत्रमै प्रदान गर्ने योजना थियो। तर प्राविधिक कारणले सो सत्रमा पुरस्कार वितरण हुन नसकेपछि विशेष सत्रमार्फत् पूर्व भारतीय राजश्व लेखा सेवा (आईआरएएस) अधिकारी उदयनाथ माझीले खतिवडालाई उक्त अवार्ड प्रदान गरेका थिए। खतिवडा झापा बिर्तामोड-२ चारपाने निवासी हुन्।

चलचित्र मार्फत सन्थाली संस्कृति प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै खतिवडालाई यो सम्मान प्रदान गरिएको हो। उनी स्वयम् सन्थाली समुदायका सदस्य नभए पनि नेपालमै पहिलो पटक सन्थाली भाषामा बनेको फिचर फिल्म 'बोनोडाल (चेन्ज)' निर्माण गरेर इतिहास रचेका छन्। उक्त चलचित्रमा निर्देशन, छायाँकन, अभियन र पटकथाको पनि एकैसाथ काम गरेर चर्चामा आएका हुन्।

सन् २०१६ मा छायांकन गरिएको उक्त फिल्मले आदिवासी समुदायका कथा, पहिचान र संस्कृतिलाई केन्द्रमा राखेको छ। विभिन्न मञ्च तथा चलचित्र महोत्सवहरूमा प्रशंसा पाएको यस फिल्मलाई अहिले विश्वव्यापी रूपमा प्रदर्शन गर्ने तयारी भइरहेको निर्माण टोलीले जनाएको छ।

फिल्मलाई सिनेमा हल तथा डिजिटल स्ट्रिमिङ प्लेटफर्म मार्फत विश्व बजारमा लैजाने योजना बनाइँदैछ, जसका लागि मुम्बईबाट वितरण प्रक्रिया अघि बढाइएको बताइएको छ।

खतिवडाको यस कार्यलाई नेपालका आदिवासी कथाहरूलाई अन्तर्राष्ट्रिय दर्शकमाझ पुऱ्याउने तथा चलचित्र मार्फत सांस्कृतिक आदान-प्रदानलाई मजबुत बनाउने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।



# सिईयस कविता उत्सव



**बिर्तामोड, चैत ३।** चिल्ड्रेन ईन्भारोमेन्ट स्कूल र वीरता जेसीजको संयुक्त आयोजनामा सिईयस कविता उत्सव सम्पन्न भएको छ।

वीरता जेसीजका अध्यक्ष लोकचन्द्र श्रेष्ठको अध्यक्षता तथा पूर्व अध्यक्ष तथा रेडक्रस झापाका अध्यक्ष सजेश शिवाकोटीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा सिईयस बाल क्लवकी अध्यक्ष अब्नी विश्वकर्माले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने अध्यक्ष श्रेष्ठले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए। वीरता जेसीजका कोषाध्यक्ष अमरजीत शाहले आस्था वाचन गरेका थिए।

सो अवसरमा चिल्ड्रेन ईन्भारोमेन्ट स्कूलका प्रिन्सिपल सन्तोष सुब्बा, वीरता जेसीजका पूर्व अध्यक्ष तथा नेपाल जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष सिनेटर विशाल थापा, शिक्षक अभिभावक संघका अध्यक्ष गोविन्द कार्की, विर्ताज्योति साप्ताहिकका सम्पादक तुलसीप्रसाद निरौला, साहित्यकार गणेशप्रकाश आचार्य तथा नृत्य प्रशिक्षक राज शेर्मा लगायतल बोलेका थिए।

कार्यक्रमअघि आयोजित दुई दिने कार्यशालामा कवि नवराज पराजुलीले विद्यालयका ३० जना विद्यार्थीलाई कविता लेखन तथा वाचन सम्बन्धी प्रशिक्षण प्रदान गरेका थिए।

उक्त प्रशिक्षणपछि सम्पन्न प्रतियोगिताबाट नौ जना कविहरु सर्वोत्कृष्ट सिइएस कविको उपाधिबाट बिभुषित भएका थिए। उक्त प्रतियोगिताको निर्णायक साहित्यकार गणेशप्रकाश आचार्य रहेका थिए।

चिल्ड्रेन इन्भारोमेन्ट स्कूलका व्यक्तित्व विकास, साहित्य तथा उद्घोषण प्रशिक्षक लीला अनमोलको व्यवस्थापन तथा सिइएस पोयट्री क्लवको संयोजनमा सम्पन्न उक्त कार्यक्रममा नौ जना सर्वोत्कृष्ट सिइएस कविहरुको कविता बाचनसँगै कवि नवराज पराजुलीले 'कथामा भेटौंला' शीर्षकको कविता वाचनले उपस्थित दर्शकलाई मन्त्रमुग्ध बनाएका थिए।

वीरता जेसीजका महासचिव सुवास त्रिखत्री र विद्यार्थी पल्पसा श्रेष्ठले संयुक्त रूपमा कार्यक्रम सञ्चालन गरेको सिइएस इसिए कोअर्डिनेटर दिनेशराज शर्माले बताए।

# 'घुमौं झापा साइकलमा' सकियो

**बिर्तामोड, चैत ३।** दिगो पर्यटन, स्वस्थ जीवनशैली र सामुदायिक गौरवको अभियानको रुपमा आयोजना गरिएको घुमौं झापा साइकलमा कार्यक्रम समापन भएको छ।

झापा साइक्लिङ क्लवले आयोजना गरेको तीन दिने कार्यक्रम १८५ किलोमिटर साइकल यात्रापछि सम्पन्न भएको हो। कार्यक्रम फागुन ३०, चैत १ र २ गते भएको थियो।

क्लवका अध्यक्ष आकाश श्रेष्ठका अनुसार राइडरहरुले झापाका विभिन्न १२ वटा पालिकाहरुको यात्रा गरेका थिए। मेचीनगर, बुद्धशान्ति, अर्जुनधारा, कनकाई, शिवसताक्षी, गौरीगञ्ज, झापा, बाह्रदशी, कचनकवल, भद्रपुर, हल्दिबरी र बिर्तामोड नगरपालिकाको साइकलमा फन्को लगाइएको क्लवका सचिव हिमाल खरेलले जानकारी दिए।

पहिलो दिन ६० किलोमिटरको यात्रा भएको थियो। पर्यटन कार्यालय काँकरभिट्टाबाट शुरु भएको यात्रा बाहुनडाँगी-४९ धारा-मदन भण्डारी राजमार्ग-बर्ने चिया बगान-अर्जुनधारा जलेश्वरधाम-अर्जुनधारा नगरमा पर्ने सामुदायिक वन हुँदै जामुनखाडी सिमसार भएर दोमुखामा टुंगिएको थियो।

दोस्रो दिन ८० किलोमिटरको यात्रा भएको थियो। दोमुखाबाट शुरु भएको यात्रा माईधार-चिल्लागढधाम-शिवगञ्ज-चौरी-हुलाकीमार्ग-झापा बजार-राजगढ-जलथल जंगल बनियानी हुँदै नेपालकै होचो स्थान कचनकवल पुगेर बनियानी बजारमा यात्रा टुंगिएको थियो।

तेस्रो तथा अन्तिम दिन ४५ किलोमिटरको यात्रा भएको थियो। बनियानीबाट किच्चकबध-भद्रपुर-हल्दिबारी हुँदै विराटपोखर भएर बिर्तामोडमा 'घुमौं झापा साइकलमा' कार्यक्रमको समापन गरिएको थियो।




यात्रामा ५० जना साइकलयात्री तथा गाइड, मेकानिक र स्वयम्सेवक रहेका थिए। झापालाई साइकल पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्न, पूर्वी नेपालमा दिगो तथा शून्य-फोहोर पर्यटन प्रवर्धन गर्न, साइकल मार्फत स्वस्थ र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गर्न कार्यक्रम आयोजना गरिएको सचिव खरेलले बताए।

धार्मिक स्थल, सिमसार क्षेत्र तथा ग्रामीण भू-भागलाई जोड्दै झापालाई एक साइकलमैत्री गन्तव्यको रूपमा चिनाउन कार्यक्रम गरिएको हो।

कार्यक्रम मार्फत झापाको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र उदीयमान पर्यटन मार्गहरूलाई उजागर गर्दै साइकललाई वातावरणमैत्री र समावेशी पर्यटन माध्यमको रूपमा स्थापित गर्न खोजिएको छ। कार्यक्रमको मुख्य प्रवर्तकको रुपमा पर्यटन कार्यालय काँकरभिट्टा झापा रहेको थियो।

कार्यक्रममा सहभागी राइडहरुलाई मेडल प्रदान गरिएको थियो। कार्यक्रमका अध्यक्ष आकाश श्रेष्ठ, प्रमुख अतिथि तथा यात्रामा सहभागी राइडर पर्यटन कार्यालय काँकरभिट्टाका अधिकृत निरोज कट्टेल, नाट्टा कोशीका महासचिव नविन खरेल लगायतले मेडल प्रदान गरेका थिए।

# मध्यपूर्व संकट : नागरिक पूर्वाधार लक्ष्यमा

**झापा, चैत ३।** कतारले आफ्नो राजधानी दोहामा मिसाइल आक्रमण रोकिएको घोषणा गरेको छ। कतारको रक्षा मन्त्रालयले आफ्नो सशस्त्र बलहरूले देशमा लक्षित मिसाइललाई सफलतापूर्वक अवरोध गरेको जनाएको छ। समाचार पत्रकारहरूले दोहामा विस्फोट जस्ता आवाजहरू सुनेको जानकारी दिएका छन्।

संयुक्त अरब इमिरेट्सको सबैभन्दा बढी जनसंख्या भएको शहर दुबईमा पनि तीन पटक विस्फोट जस्ता आवाजहरू सुनेको रिपोर्ट आएको छ। त्यहाँका नागरिकलाई सुरक्षा चेतावनी दिइएको थियो, जसले तत्काल सुरक्षित स्थानमा जाने निर्देशन दिएको थियो। यी घटनाहरू ईरानको बढ्दो आक्रमण अभियानको हिस्सा हुन्। गत महिनादेखि ईरानले अमेरिका र इजरायलको हवाई हमलापछि बदला स्वरूप गल्फ देशहरूमा मिसाइल र ड्रोन हमला शुरु गरेको छ।

यस क्रममा कतार र संयुक्त अरब इमिरेट्सलाई समेत निशाना बनाइएको छ। इरानी हमलाहरूले सैन्य लक्ष्य मात्र होइन, नागरिक पूर्वाधार जस्तै विमानस्थल, तेल उत्पादन सुविधा, बन्दरगाह र प्रसिद्ध स्थलहरूलाई पनि निशाना बनाएको छ।

## बिमालेख हरायो

चारपानेबाट बिर्तामोड आउने क्रममा यही मिति २०८२०/११/२५ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड (एलआईसी)को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- प्रतिक पोखरेल
**ठेगाना**:- बिर्तामोड-२, झापा
**पोलेसी नं.**:- २०००२०३२४
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड (एलआईसी)


**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**घर ढलान गर्नुछ ?**
तपाईंको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**अब बिर्तामोडमा डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईंलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposjte of Paschim Bus Stand

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईंहरुको आवश्यकता पूरा गर्नेछौं।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

**शुद्ध दूधको स्वस्थ उत्पादन**
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईंहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
**स्पार्क पूर्वाञ्चल अस्पताल,**
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८